# नेपाल राष्ट्र बैंक

प्रेस समाचार

## लघुवित्त गरिबी निवारण र सामाजिक पुनरसंरचनामा सहायक

(गभर्नर खतिवडाद्वारा "Regulation and Supervision of Microfinance Institutions in SAARC Region" विषयक सेमिनारको उद्‌घाटन)

गभर्नर डा.युवराज खतिवडाले Regulation and Supervision of Microfinance Institutions in SAARC Region विषयक सार्क स्तरीय सेमिनारको काठमाडौंमा चैत ७ गते एक समारोहका बीच उद्‌घाटन गर्नु भयो । नेपाल राष्ट्र बैंकको आयोजनामा प्रारम्भ भएको उक्त सेमिनार चैत ९ गते सम्म सञ्चालन हुनेछ ।




उद्‌घाटन मन्तव्यको क्रममा गभर्नर डा. खतिवडाले लघु वित्त एक बहुआयामिक विषय भएको हुँदा यसले गरिबी निवारण र सामाजिक पुनरसंरचनामा महत्वपूर्ण भूमिका खेल्ने चर्चा गर्नु भयो । उहाँले लघु वित्तले ग्रामीण तथा विपन्न वर्ग विशेष गरी महिला सशक्तीकरण गर्दै सामाजिक सुरक्षा र मानवीय विकासमा सहयोग पुऱ्याउने विचार व्यक्त गर्दै गरिबी दक्षिण एसियाकै चुनौती रहेको धारणा व्यक्त गर्नु भयो । अनौपचारिक बैंकिङ र बहुबैंकिङ प्रवृतिले लघु वित्त सेवालाई नकारात्मक असर पारिरहेको हुँदा त्यसको सामना गर्ने खालका नीतिहरूलाई कार्यान्वयन गरेमा गरिबी निवारणका कार्यक्रमहरू प्रभावकारी हुने बताउनु भयो । लघु वित्तीय प्रणाली कर्जा दिने मात्र नभई स्रोत परिचालन गर्ने, सामाजिक सेवालाई गुणस्तरीय बनाउने, सीमान्तकृत समुदायलाई स्वास्थ्य, शिक्षा, खानेपानी, शौचालय, सरसफाई आदिमा पहुँच बढाउने र न्यून आय भएका जनताको जीवनस्तर उकास्ने जस्ता कार्यलाई सँगसँगै सम्बोधन गरिएको हुन्छ । नेपाल राष्ट्र बैंकले पनि सहज कर्जा प्रवाह तथा गरीबलाई लक्षित गर्ने कार्यक्रमहरूमा लगानीको प्रोत्साहनलाई उच्च प्राथमिकता दिएको बताउनु भयो । अनौपचारिक क्षेत्रबाट कर्जा सापटी नियन्त्रण गर्न पनि लघु वित्तलाई प्रबर्द्धन गर्नु जरुरी हुने तर नियमन कार्य जति सजिलो छ त्यो भन्दा बढी जटिल प्रबर्द्धन गर्नु रहेकोले लघु वित्तको प्रबर्द्धनसँगै नियमन तथा सुपरिवेक्षणका सम्बन्धमा पनि नयाँ ढंगले सोच्नु

जरुरी रहेको कुरा उहाँले बताउनु भएको थियो । केन्द्रीय स्तरबाट हुने लघु वित्तीय संस्थाहरूको निरिक्षण, सुपरिबेक्षण कार्य धेरै खर्चिला, चुनौतीपूर्ण र समस्यायुक्त रहेको, साथै बैंकले छुट्टै लघु वित्त विकास प्राधिकरण ऐनको ड्राफ्ट बनाइ स्वीकृतिको क्रममा रहेको जानकारी दिनु भयो । यसको अनुमोदन पछि लघु वित्तका चुनौती र समस्याहरूको निराकरण हुने आशा उहाँले व्यक्त गर्नु भयो । यसको साथै प्रस्तुत सेमिनारले लघु वित्तीय संस्थाहरूको नियमन, सुपरिवेक्षण एवम् प्रबर्द्धनका विषयमा नीतिगत व्यवस्थाहरू पहिल्याउन र छिमेकी देशहरूका प्रयोगसिद्ध लघुवित्त विकासका उपायहरूको आदान प्रदानले कार्य सरल बनाउन सहयोग पुग्ने आशा व्यक्त गर्नुभयो । नेपाल सरकारले पनि लघुवित्त मार्फत् ग्रामीण क्षेत्रमा वित्तीय सेवा विस्तार गर्ने, महिला सशक्तीकरण गर्ने, पुँजी परिचालन तथा ग्रामीण क्षेत्रमा वित्तीय सेवा बिस्तारलाई जोड दिएको चर्चा गर्नु भयो ।

सोही कार्यक्रममा बंगलादेश बैंकका गभर्नर डा. अतिउर रहमानले लघु वित्तको सम्बन्धमा बंगलादेशको अनुभवका बारेमा छोटो चर्चा गर्दै बंगलादेशमा वित्तीय क्षेत्र बिस्तार गर्न, आर्थिक वृद्धिदर ६ प्रतिशतभन्दा बढी हासिल गर्न, आन्तरिक तथा बाह्य क्षेत्रलाई सकारात्मक अवस्थामा राख्न, मानव विकास सूचकाङ्कलाई बढावा दिन लघु वित्तले महत्वपूर्ण भूमिका खेलेको विषयमा चर्चा गर्नुभयो ।

त्यसैगरी कार्यक्रममा नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर श्री गोपालप्रसाद काफ्लेले शुभकामना मन्तव्य दिनेक्रममा प्रभावकारी नियमन तथा सुपरिबेक्षणले लघु वित्तीय संस्थाहरूको विश्वसनीयता बढ्न गई दीगो स्थायित्वका लागि महत्वपूर्ण भूमिका खेल्ने हुँदा त्यसतर्फ सबैले ध्यान दिनु पर्ने कुरामा जोड दिनु भयो ।

सेमिनारमा नेपाल लगायत भारत, बंगलादेश, पाकिस्तान, श्रीलंका र भुटानका केन्द्रीय बैंकका विषेशगरी लघु वित्तीय संस्थाहरूको नियमन तथा सुपरिबेक्षण कार्यमा संलग्न पदाधिकारीहरूको सहभागीता रहेको छ । तीन दिनसम्म चल्ने सो सेमिनारमा लघु वित्तसँग सम्बन्धित कार्यपत्रहरू प्रस्तुत हुनुका साथै सहभागी देशहरूले आ-आफ्नो देशका Country Paper प्रस्तुत गर्ने कार्यक्रम रहेको छ । सेमिनारमा प्रस्तुत हुने कार्यपत्रहरू, उठ्ने सवालहरू र सहभागी मुलुकहरूले सफलताका साथ प्रयोग गरेका अनुभवहरूको छलफलबाट आगामी दिनमा नेपालमा लघु वित्तीय संस्थाहरूको प्रबर्द्धन, सञ्चालन, नियमन र सुपरिवेक्षणका क्षेत्रमा मार्ग प्रशस्त गर्ने विश्वास लिन सकिन्छ ।



चैत ७, २०६९